नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

● वर्ष ४ ● अंक २४२ ● २०८३ साल श्रावण २३ गते शनिबार ● Saturday 08, August 2026 ● सूर्योदयः बिहान ०५:२२ बजे ● सूर्यास्तः साँझ ०७:०१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## सीमा क्षेत्रबाट अवैध सामान तथा लागुऔषध बरामद

**रुपन्देही ।**
जिल्लाका विभिन्न सीमा क्षेत्रमा सशस्त्र प्रहरी बलद्वारा सञ्चालित जाँच अभियानका क्रममा अवैध रूपमा भित्रिँदै गरेका कस्मेटिक सामान तथा लागुऔषध बरामद गरिएको छ । सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म हेडक्वाटर रुपन्देहीबाट खटिएको टोलीले आज रोहिणी गाउँपालिका–१ सेमरपानी क्षेत्रमा जाँच गर्ने क्रममा भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइँदै गरेको करिब रु सात लाख ३५० मूल्य बराबरका कस्मेटिक सामान बरामद गरेको हो ।
सोही टोलीले आजै उक्तै क्षेत्रमा गरेको चेकजाँचका क्रममा भारतबाट अवैध रूपमा ल्याइँदै गरेका अन्दाजी रु ४० हजार बराबरका चार वटा पाडासमेत बरामद गरेको छ । बरामद गरिएका सामान तथा पशुका सम्बन्धमा आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको सशस्त्र प्रहरी बलले जनाएको छ । यसैगरी सशस्त्र प्रहरीको गुल्म हेडक्वाटरबाट खटिएको टोलीले जाँचको क्रममा बुटवल उपमहानगरपालिका–६ का ४८ वर्षीय कपिल बज्राचार्यलाई ८०२ थान ट्रामाडोल, नौ थान कफसिरपका साथ नियन्त्रणमा लिएको छ । रासस



**भरेको ग्यास लाँदै उपभोक्ताः** वीरेन्द्रनगर नगरपालिका–३ सुर्खेतस्थित न्यू मिना ट्रेडर्स मूलपानीमा शुक्रबार भरेका ग्यास लाँदै उपभोक्ता । करिब २०० खाली ग्यास सलिन्डर राखिए पनि आज ७० वटा मात्र ग्यास रहेको उक्त ट्रेडर्सले जनाएको छ । रासस

# ट्याङ्करबाट तेल चोरेको आरोपमा पम्पका सञ्चालकसहित सातजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पेट्रोलियम पदार्थ बोकेको ट्याङ्करबाट अनधिकृत रूपमा तेल चोरी गरी बिक्री–वितरण गरेको आरोपमा वीरगंज स्थित पेट्रोल पम्पका सञ्चालकसहित सात जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सौदागर आयल सेन्टरका सञ्चालक वीरगंज महानगरपालिका–३ मालपोत चोक निवासी ५५ वर्षीय सुनैन मियाँ, पम्पमा लेखाको काम गर्ने वीरगंज–१५ लक्ष्मणवाका २३ वर्षीय असलम हवारी, पम्पका क्यासियर वीरगञ्ज–११ श्रीपुर निवासी २१ वर्षीय रफिक मियाँ रहेका छन् ।
त्यसैगरी, ना.७ ख २८०४ नम्बरको ट्याङ्करका सहचालक मकवानपुर हेटौंडा उपमहानगरपालिका–११ निवासी २० वर्षीय सन्देश राना मगर, सोही ट्याङ्करका चालक हेटौंडा–१० निवासी ४६ वर्षीय केशर राम सुनार, ना.७ ख १५३९ नम्बरको ट्याङ्करका चालक हेटौंडा–१४ निवासी ५० वर्षीय मन्द सिंह लामा तथा सहचालक हेटौंडा–१४




निवासी २७ वर्षीय उमेश राना मगर पक्राउ परेका छन् । प्रहरीका अनुसार बिहीबार साँझ करिब ५:१० बजे वीरगंज बाइपास स्थित शौदागर आयल सेन्टरमा ना.७ ख १५३९ नम्बरको पेट्रोलियम पदार्थ बोकेको ट्याङ्करमा सिल गरिएको फलामको हुक उचालेर अनधिकृत रूपमा तेल निकालिरहेको अवस्थामा छापा मारेर सात जनालाई नियन्त्रणमा लिइएको हो । प्रहरीले घटनास्थलबाट प्रयोग गरिएको ट्याङ्कर तथा अन्य आवश्यक सामग्री नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेका सातै जनामाथि पेट्रोलियम पदार्थ चोरी तथा सम्बन्धित कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बालिका मृत अवस्थामा फेला

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको यमुनामाई गाउँपालिका–५ मा बिहीबारदेखि हराइरहेका ६ वर्षीय बालक शुक्रबार बिहान नहरमा मृत अवस्थामा फेला परेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार स्थानीय सरमुला मियाका ६ वर्षीय छोरा खुसी आलम बिहीबार अपराह्न करिब ३ः३० बजे ४–५ जना साथीहरूसँग घरबाट करिब एक किलोमिटर पश्चिमतर्फ रहेको सडकछेउको कल्भर्ट क्षेत्रमा खेल्न गएका थिए ।
अन्य बालबालिका घर फर्किए पनि खुसी घर नफर्किएपछि परिवारले आफन्त तथा छिमेकीसँग खोजी गरेका थिए । तर उनको अवस्था पत्ता लाग्न सकेको थिएन । शुक्रबार बिहान बालकका बुबा सरमुला मियाले अस्थायी प्रहरी पोस्ट बमनहरमा मौखिक जानकारी गराएपछि असई सञ्जीप सिंहको कमान्डमा प्रहरी टोली परिचालन गरिएको थियो ।
खोजतलासकै क्रममा बिहान ९:५५ बजे यमुनामाई–५ स्थित सातबम्बा सडकको कल्भर्टबाट करिब २० फिट दक्षिणतर्फ बगेको नहरमा बालक मृत फेला परेका प्रहरीले जनाएको छ । घटनापछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट इन्स्पेक्टर जीवनकुमार मैनालीको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेर कानुनी प्रक्रिया पूरा गरेको थियो । शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ ।
घटनाको कारण खुल्न बाँकी रहेको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मल अभाव: किसानहरु समस्यामा

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीसहित मधेशका विभिन्न जिल्लामा धानबालीका लागि आवश्यक डिएपी र युरिया मलको अभाव भएपछि किसानहरू समस्यामा परेका छन् । मल लिन किसान बिहानैदेखि लाइनमा बस्न बाध्य छन् । सर्लाहीको कविलासी नगरपालिका–६ मा पर्याप्त मल नपाएपछि आक्रोशित किसानले वडा कार्यालयसमेत घेराउ गरेका छन् । सीमित परिमाणमा मल उपलब्ध भएकाले सबै किसानलाई वितरण गर्न नसकिएको स्थानीय जनप्रतिनिधिले बताएका छन् । यस्तै, ईश्वरपुर नगरपालिकामा पनि मल वितरण केन्द्रमा ठूलो भीड लागेको छ । केही किसानले आधा बोरा मल पाए पनि धेरैजसो रित्तो हात फर्किनुपरेको गुनासो गरेका छन् । अनुदानको मल नपाएपछि किसानहरू कालोबजारीबाट भारतीय मल महँगो मूल्यमा खरिद गर्न बाध्य भएका छन् ।
कृषि सामग्री कम्पनी लिमिटेड, नवलपुर सर्लाहीका अनुसार वीरगंजबाट थप मल ढुवानी हुने क्रममा रहेकाले एक–दुई दिनभित्र नयाँ कोटाअनुसार वितरण सुरु गरिने र हालको अभाव क्रमशः कम हुँदै जाने अपेक्षा गरिएको छ ।

## विपन्न एवं जनता आवास योजनामै अनियमितताः

# पहुँचवालाले पाए 'विपन्न'को घर, वास्तविक हकदार वञ्चित !

**हरिशंकर शर्मा**
**वीरगंज ।**
गरिब, दलित, असहाय तथा घरबारविहीन नागरिकलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले मधेश प्रदेश सरकारले सञ्चालन गरेको 'विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम' तथा 'जनता आवास कार्यक्रम' पर्सामा व्यापक अनियमितताको चपेटामा परेको आरोप सार्वजनिक भएको छ । वास्तविक विपन्न परिवारलाई योजना पहुँच नपुगेर आर्थिक रूपमा सम्पन्न, घरजग्गा भएका तथा राजनीतिक पहुँच भएका व्यक्तिहरूलाई लाभग्राही बनाएर सरकारी रकम दुरुपयोग गरिएको भन्दै स्थानीयस्तरमा तीव्र असन्तुष्टि बढेको छ ।
आर्थिक वर्ष २०८१/०८२ मा सम्झौता भई २०८२/०८३ मा कार्यान्वयनमा ल्याइएको उक्त योजनाको उद्देश्य दलित, विपन्न, प्राकृतिक विपद्का कारण घरबारविहीन बनेका परिवार, असहाय एकल महिला, अनाथ बालबालिका तथा अशक्त ज्येष्ठ नागरिकलाई स्थायी र सुरक्षित आवास उपलब्ध गराउनु हो । योजनाअन्तर्गत प्रत्येक लाभग्राहीका लागि पाँच लाख रुपैयाँभन्दा बढी बजेट छुट्याइने व्यवस्था छ, जसबाट दुई कोठा, भान्सा, शौचालय तथा चापाकलसहितको घर निर्माण गरिनुपर्ने प्रावधान रहेको छ । तर पर्सा निर्वाचन क्षेत्र नम्बर ४ (ख) मा भने योजनाको मूल उद्देश्य नै ओझेलमा परेको स्थानीयवासीले आरोप लगाएका छन् । उनीहरूका अनुसार वास्तविक गरिब र घरबारविहीन नागरिकलाई बेवास्ता गर्दै आर्थिक रूपमा सबल, खेतीपाती तथा प्रशस्त सम्पत्ति भएका व्यक्तिलाई 'विपन्न'को सूचीमा समावेश गरी सरकारी सुविधा उपलब्ध गराइएको छ ।




स्थानीय स्रोतका अनुसार प्रदेशसभा सदस्य 'सिंगासन सा कलवार'को प्रभावमा भौतिक पूर्वाधार विकास कार्यालय, वीरगंजमार्फत योजना सञ्चालन गरिएको हो । स्थानीयले राजनीतिक पहुँचका आधारमा लाभग्राही छनोट गरिएको तथा वास्तविक हकदारलाई योजनाबाट बाहिर राखिएको आरोप लगाएका छन् । योजनाको सुरुवाती चरणमै तत्कालीन कार्यालय प्रमुख लालबाबु रायको कार्यकालमा आर्थिक चलखेल गरेर सम्झौता गरिएको आरोपसमेत उठेको छ । यसैबीच केही लाभग्राहीका नाममा निर्माण गरिएका संरचना वास्तविक आवासका रूपमा नभई ट्र्याक्टर राख्ने ग्यारेज, गेस्ट रुम, बैठक, भैंसी गोठ तथा गोदामका रूपमा प्रयोग भइरहेको स्थानीयको दाबी छ । निर्माण प्रक्रियामा पनि गम्भीर बेथिति भएको आरोप छ । स्थानीयका अनुसार लाभग्राहीलाई सीमित मात्रामा सिमेन्ट, इँटा र बालुवा उपलब्ध गराइए पनि निर्माण कार्यका लागि आवश्यक मिस्त्री तथा मजदुरको व्यवस्था नगरिएको र अधिकांश काम स्वयं लाभग्राहीबाटै गराइएको छ । यसबारे सम्बन्धित कार्यालयलाई जानकारी गराइएपनि कुनै प्रभावकारी छानबिन नभएको स्थानीयको भनाइ छ ।
निर्माणको गुणस्तरसमेत अत्यन्त कमजोर रहेको आरोप सार्वजनिक भएको छ । स्थानीयले दिएको जानकारीअनुसार कतिपय घर निर्माणमा १५ बोरा बालुवामा केवल एक बोरा सिमेन्ट मिसाएर गारो लगाइएको छ भने कमसल इँटा तथा न्यूनस्तरीय निर्माण सामग्री प्रयोग गरिएको छ । मापदण्डविपरीत निर्माण भएको प्रमाणसहित गुनासो गर्दासमेत प्रभावकारी अनुगमन नगरिएको र केही घरको भुक्तानी गत असारमै गरिसकिएको आरोप छ । स्रोतका अनुसार भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख राजेशलाल कर्णले प्रतिघर करिब ९० हजार रुपैयाँ बुझेर भुक्तानी स्वीकृत गरेको दाबीसमेत गरिएको छ । यद्यपि यस आरोपबारे सम्बन्धित कार्यालयको आधिकारिक प्रतिक्रिया सार्वजनिक भएको छैन ।

- **सांसदका भाइमार्फत योजना सञ्चालन भएको आरोप**

स्थानीय स्रोतले प्रदेशसभा सदस्य सिंगासन सा कलवारमाथि योजना आफ्ना निकट व्यक्तिमार्फत सञ्चालन गराएको आरोप लगाएका छन् । विशेषगरी उनका भाइ इन्द्रासन साह कलवारले लाभग्राहीको बैंक खाता खोल्ने, चेकबुकमा हस्ताक्षर गराएर आफूकहाँ राख्ने तथा निर्माण र आर्थिक कारोबारको सम्पूर्ण प्रक्रिया नियन्त्रणमा लिएको आरोप लगाइएको छ । छिपहरमाई गाउँपालिका–१ लगायतका क्षेत्रमा अधिकांश आवास निर्माणको काम इन्द्रासन साह कलवारमार्फत भइरहेको स्थानीयको भनाइ छ । अन्य स्थानमा पनि सांसदका निकटस्थ तथा प्रतिनिधिमार्फत योजना सञ्चालन गरिएको दाबी गरिएको छ ।

- **उपभोक्ता समिति कागजमा मात्रै, व्यवहारमा ठेकेदारी !**

योजनाको कार्यविधिअनुसार निर्माण कार्य उपभोक्ता समितिमार्फत हुनुपर्ने व्यवस्था छ । समितिमा लाभग्राहीमध्ये एक जना संयोजक, एक महिला सदस्य तथा कार्यालयका एक प्रतिनिधि रहने प्रावधान छ । तर व्यवहारमा भने उपभोक्ता समिति कागजमै सीमित रहेको र सम्पूर्ण निर्माण कार्य एउटै समूहले ठेक्काको शैलीमा सञ्चालन गरिरहेको स्थानीयको आरोप छ । उनीहरूका अनुसार वास्तविक लाभग्राहीको निर्णय प्रक्रियामा कुनै भूमिका छैन भने सम्पूर्ण नियन्त्रण राजनीतिक पहुँच भएका व्यक्तिहरूकै हातमा केन्द्रित भएको छ ।

- **पूर्वाधार विकास कार्यालयमाथि मिलेमतोको आरोप**

भौतिक पूर्वाधार विकास कार्यालय, वीरगंजका प्रमुख तथा प्राविधिक कर्मचारीमाथिसमेत निर्माणमा भइरहेको अनियमिततामा मिलेमतो

*बाँकी पृष्ठ ३ मा*

# मधेशमा ट्रान्सफर्मर चोरी बढ्दैः किसानलाई सिँचाइको चिन्ता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा पछिल्ला केही वर्षयता डिप बोरिङ सञ्चालनका लागि जडान गरिएका ट्रान्सफर्मर चोरी हुने घटना तीव्र रूपमा बढ्न थालेपछि किसानहरू सिँचाइ सुविधाबाट वञ्चित हुन थालेका छन् । रातिको समयमा योजनाबद्ध रूपमा हुने यस्ता चोरीका घटनाले कृषि उत्पादनसँगै ग्रामीण सुरक्षाप्रति पनि गम्भीर चिन्ता बढाएको छ ।
हालै महोत्तरीको एकरहियामा विद्युतीकरणका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी भएको भोलिपल्टै धनुषाको बिसपिट्टीमा डिप बोरिङ सञ्चालनका लागि राखिएको ट्रान्सफर्मर चोरी भएको थियो । स्थानीयका अनुसार बिसपिट्टीमा दुई वर्षको अवधिमा तीनवटा ट्रान्सफर्मर चोरी भइसकेका छन् भने एकरहियामा पनि एक वर्षभित्र तीन पटक यस्तै घटना दोहोरिएको छ ।
धनुषा, महोत्तरी र सिरहासहित मधेशका विभिन्न जिल्लामा पछिल्लो एक महिनामै आठभन्दा बढी ट्रान्सफर्मर चोरी भएका घटनाहरू सार्वजनिक भएका छन् । नहर वा अन्य स्थायी सिँचाइ सुविधा नपुगेका क्षेत्रमा डिप बोरिङ किसानका लागि भरपर्दो विकल्प बनेको भए पनि ट्रान्सफर्मर चोरीपछि ती प्रणाली पूर्ण रूपमा ठप्प भएका छन् ।
सिँचाइ बन्द भएपछि खेतमा लगाइएको धानबाली सुक्न थालेको छ । पानी अभावका कारण कतिपय खेतमा चिरा पर्न थालेको भन्दै किसानहरूले तत्काल सुरक्षा व्यवस्था कडा बनाउन र चोरी भएका ट्रान्सफर्मर प्रतिस्थापन गर्न माग गरेका छन् ।
संघीय तथा प्रदेश सरकारले भूमिगत जलस्रोत सिँचाइ कार्यक्रमअन्तर्गत गाउँ–गाउँमा डिप बोरिङ जडान गर्दै आएका छन् ।
करिब पाँच लाख रुपैयाँ मूल्य पर्ने ५० केभीए क्षमताका ट्रान्सफर्मर प्रयोग हुने यस्ता आयोजनाको कुल लागत झण्डै एक करोड रुपैयाँ पुग्ने गर्छ। तर ट्रान्सफर्मरभित्रको तामाको तार निकालेर बिक्री गर्ने उद्देश्यले हुने चोरीका कारण करोडौं रुपैयाँको सरकारी लगानी निष्प्रभावी बन्दै गएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष



२०८२/८३ मा ट्रान्सफर्मर चोरीका ६३ वटा घटना अभिलेखमा रहेका छन् । तीमध्ये २२ वटा घटनामा मात्र मुद्दा दर्ता भएको छ भने एक व्यापारीसहित १९ जना पक्राउ परेका छन् ।
तथ्यांकअनुसार सबैभन्दा बढी महोत्तरीमा २८ वटा ट्रान्सफर्मर चोरी भएका छन्, तर हालसम्म कुनै पनि आरोपी पक्राउ परेका छैनन् । प्रहरीले अधिकांश घटना संगठित समूहबाट हुने गरेको आशंका गरेको छ ।
स्थानीयवासीका अनुसार सुनसान स्थानमा जडान गरिएका ट्रान्सफर्मरलाई लक्षित गरी सक्रिय गिरोहले भारतीय नम्बर प्लेट भएका सवारीसाधनसमेत प्रयोग गर्ने गरेको देखिएको छ । लगातार बढिरहेका यस्ता घटनाले किसानको आजीविकामात्र होइन, प्रदेशको कृषि उत्पादन र ग्रामीण सुरक्षा व्यवस्थामाथि पनि गम्भीर चुनौती खडा गरेको छ ।

- **५ वर्षमा ९९ ट्रान्सफर्मर चोरी**

पछिल्ला पाँच वर्षमा ९९ वटा ट्रान्सफर्मर चोरी भएको नेपाल विद्युत् प्राधिकरण मधेस प्रादेशिक कार्यालय जनकपुरधामका प्रशासन प्रमुख कालिचरण यादवले जानकारी दिए । उनले ट्रान्सफर्मरभित्र प्रयोग हुने तामाको तार महँगो मूल्यमा बिक्री हुने भएकाले चोरीको घटना बढेको बताए ।
महोत्तरीबाट ३५, बारामा १५, धनुषामा १४, रौतहटमा १०, सर्लाही र सिरहामा नौ–नौ वटा, सप्तरीमा तीन वटा तथा पर्सामा दुई वटा ट्रान्सफर्मर चोरी भएका हुन् । चोरी भएका ट्रान्सफर्मरको क्षमता १५ केभिएका देखि २०० केभिएका छन् । ट्रान्सफर्मर चोरीले किसानलाई प्रत्यक्ष प्रभाव परेको छ । भनेको बेलामा सिँचाइ गर्न नपाएकाले उनीहरु प्रभावित भएका हुन् ।

## सम्पादकीय

### लाइसेन्स परीक्षाको सन्देश:

# चिकित्सा शिक्षामा अब सम्झौताको ठाउँ छैन

नेपाल मेडिकल काउन्सिलको पछिल्लो लाइसेन्स परीक्षाको नतिजाले चिकित्सा शिक्षा प्रणालीभित्र लुकेका अनेक प्रश्नहरू फेरि सतहमा ल्याइदिएको छ । परीक्षामा समग्र रूपमा ९३.४८ प्रतिशत परीक्षार्थी उत्तीर्ण हुनु सकारात्मक देखिए पनि विदेशबाट एमबीबीएस अध्ययन गरेर आएका चिकित्सकमध्ये ठूलो संख्या अनुत्तीर्ण हुनु सामान्य घटना होइन। विशेषगरी चीन, इजिप्ट, फिलिपिन्स तथा केही अन्य मुलुकबाट अध्ययन गरेर फर्किएका धेरै विद्यार्थी लाइसेन्स परीक्षामा असफल हुनु संयोग मात्र मान्न सकिँदैन । यसले चिकित्सा शिक्षाको गुणस्तर, विद्यार्थी छनोट प्रक्रिया, पाठ्यक्रम, नियमन र अन्ततः बिरामीको सुरक्षामाथि गम्भीर बहसको आवश्यकता देखाएको छ । डाक्टर केवल एउटा पेशा होइन, नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको जिम्मेवारी हो । एउटा चिकित्सकको सानो कमजोरीले बिरामीको ज्यान जोखिममा पर्न सक्छ। त्यसैले चिकित्सक उत्पादन गर्ने प्रक्रियामा कुनै पनि प्रकारको सम्झौता स्वीकार्य हुन सक्दैन । लाइसेन्स परीक्षा पनि यही कारणले अनिवार्य गरिएको हो । यसको उद्देश्य कसैलाई असफल बनाउनु होइन, योग्य र सक्षम चिकित्सक मात्र उपचारको जिम्मेवारीमा पुगून् भन्ने सुनिश्चित गर्नु हो।

पछिल्लो नतिजाले नेपालमै अध्ययन गरेका विद्यार्थीको सफलता दर उल्लेखनीय रूपमा उच्च देखाएको छ भने विदेशबाट अध्ययन गरेर आएका विद्यार्थीको नतिजा कमजोर देखिएको छ । यसलाई भावनात्मक बहसको विषय बनाउनु वा विदेशमा पढेका सबै चिकित्सकलाई अयोग्य ठहर गर्नु उचित हुँदैन । त्यस्तै नेपालमै पढेका सबै चिकित्सक उत्कृष्ट छन् भन्ने निष्कर्ष निकाल्नु पनि वैज्ञानिक हुँदैन। तर, लगातार दोहोरिँदै आएको यस्तो प्रवृत्तिलाई बेवास्ता गर्ने छुट कसैलाई छैन । जहाँ समस्या देखिन्छ, त्यहाँ कारणको वस्तुगत खोजी र समाधानको इमानदार प्रयास अपरिहार्य हुन्छ । यस अवस्थाका दुई महत्वपूर्ण पक्ष छन् । पहिलो, विदेशका विभिन्न विश्वविद्यालयको पाठ्यक्रम, स्वास्थ्य प्रणाली र रोगको प्रकृति नेपालभन्दा फरक हुन्छ। त्यहाँको अध्ययन र नेपालको लाइसेन्स परीक्षाबीच आवश्यक समन्वय नहुँदा विद्यार्थीलाई कठिनाइ हुनु स्वाभाविक हुन सक्छ। दोस्रो, चिकित्सा शिक्षा आयोग गठन हुनुअघि साझा प्रवेश परीक्षा नहुँदा नेपालमा प्रतिस्पर्धा गर्न नसकेका धेरै विद्यार्थी सहज रूपमा विदेश अध्ययन गर्न गएका थिए । अहिले लाइसेन्स परीक्षामा देखिएको कमजोर नतिजा त्यही पुस्ताको प्रभाव हुन सक्ने विज्ञहरूको विश्लेषणलाई सहजै अस्वीकार गर्न सकिँदैन।

यद्यपि यो बहानाले समस्या टार्ने अवस्था भने छैन । यदि कुनै विश्वविद्यालयबाट वर्षौंसम्म अध्ययन गरेर आएका अधिकांश विद्यार्थी नेपालमा न्यूनतम ज्ञान परीक्षणसमेत पार गर्न सक्दैनन् भने त्यस्ता शैक्षिक संस्थाको गुणस्तरमाथि प्रश्न उठ्नु स्वाभाविक हो । चिकित्सा शिक्षा आयोगले यस्ता विश्वविद्यालयहरूको नियमित मूल्यांकन गर्नुपर्छ। लगातार कमजोर नतिजा दिने संस्थालाई मान्यता दिने वा त्यहाँ विद्यार्थी पठाउने नीतिमाथि पुनर्विचार गर्नुपर्ने बेला आएको छ । विदेश जान चाहने विद्यार्थी र अभिभावकलाई पनि कुन विश्वविद्यालयको गुणस्तर कस्तो छ भन्ने आधिकारिक तथ्याङ्क सार्वजनिक गरिनुपर्छ । नेपालभित्रका मेडिकल कलेजहरूले पनि आत्मसन्तुष्ट हुने ठाउँ छैन । केही कलेजको शतप्रतिशत नतिजा उत्साहजनक भए पनि सबै संस्थाको अवस्था समान छैन। निजी तथा सरकारी दुवै क्षेत्रका मेडिकल कलेजको शैक्षिक गुणस्तर, अध्यापन, क्लिनिकल अभ्यास र अनुसन्धानको स्तर निरन्तर मूल्यांकन हुनुपर्छ। चिकित्सा शिक्षा नाफा कमाउने उद्योग बन्ने हो भने त्यसको मूल्य बिरामीले आफ्नो जीवनबाट चुकाउनुपर्ने अवस्था आउन सक्छ।

यससँगै नेपाल मेडिकल काउन्सिलको लाइसेन्स परीक्षा प्रणालीमाथि पनि पुनर्विचार आवश्यक छ। अहिलेको परीक्षा मुख्यतः बहुविकल्पीय प्रश्नमा आधारित छ, जसले सैद्धान्तिक ज्ञानको परीक्षण त गर्छ तर चिकित्सकको वास्तविक क्लिनिकल क्षमता मापन गर्न सक्दैन । बिरामीसँग संवाद गर्ने क्षमता, रोग पहिचान गर्ने दक्षता, आकस्मिक अवस्थामा निर्णय लिन सक्ने योग्यता र व्यावहारिक सीप कागजमा टिकमार्क लगाएर प्रमाणित हुँदैन । विकसित मुलुकहरूमा जस्तै नेपालले पनि लिखित परीक्षासँगै क्लिनिकल स्किल टेस्ट वा ओएससीई (इक्र्रूभ्) जस्ता व्यावहारिक मूल्यांकन प्रणाली लागू गर्न ढिला गर्नु हुँदैन। सबैभन्दा महत्वपूर्ण कुरा, चिकित्सा शिक्षाको अन्तिम उद्देश्य परीक्षा पास गराउने होइन, सक्षम चिकित्सक उत्पादन गर्नु हो। लाइसेन्स परीक्षा त त्यसको अन्तिम सुरक्षा घेरा मात्र हो। यदि विद्यार्थी त्यहाँ पुगेर असफल भइरहेका छन् भने समस्या त्यसभन्दा धेरै पहिले सुरु भएको हुन्छ । त्यसैले समाधान पनि विश्वविद्यालय, नियामक निकाय, चिकित्सा शिक्षा आयोग, नेपाल मेडिकल काउन्सिल र सरकार सबैको साझा जिम्मेवारी बन्नुपर्छ।

चिकित्सकमाथि नागरिकले गर्ने विश्वास अमूल्य हुन्छ। त्यो विश्वास जोगाउने दायित्व राज्य, शिक्षण संस्था र नियामक निकाय सबैको हो। कमजोर गुणस्तरलाई ढाकछोप गरेर होइन, तथ्यलाई स्वीकार गर्दै सुधारको साहसिक निर्णय गरेर मात्रै नेपालको चिकित्सा शिक्षालाई विश्वसनीय बनाउन सकिन्छ। लाइसेन्स परीक्षाको यो नतिजा कसैलाई दोषी ठहर गर्ने अवसर होइन, चिकित्सा शिक्षामा गुणस्तर, पारदर्शिता र जवाफदेहिताको नयाँ अध्याय सुरु गर्ने चेतावनी हो । यदि यो चेतावनीलाई समयमै गम्भीर रूपमा लिइएन भने भविष्यमा त्यसको मूल्य कुनै परीक्षा नतिजाले होइन, बिरामीको जीवनले तिर्नुपर्नेछ।

# समुदायसँगै विपद् प्रतिकार्यका पहल

**टिकाराम सुनार**



**सुदूरपश्चिम।**
गत असार २८ गते कैलालीको गोदावरी नदी एक्कासी उर्लेर आयो । केही क्षणअघि सामान्य देखिएको नदीले एकाएक रौद्र रूप लियो। बर्दगोरिया गाउँपालिका–१ का ३३ वर्षीय अपिल मल्ल नदीको बीच भागको बगरमा थुनिए। चारैतिर बाढीको भेल थियो। अगाडि बढ्ने बाटो थिएन, फर्किने सम्भावना थिएन । मल्लका लागि प्रत्येक मिनेट मूल्यवान् थियो। घटनाको सूचना पाएलगत्तै प्रहरीको उद्धार टोली परिचालित भयो । केहीबेरमै अपिल सकुशल बाहिर निकालिए । त्यसअघि गत जेठ २ गते गोदावरी—११ ओलानीमा रुखमा अड्किएका ७३ वर्षीय लालबहादुर सुनारलाई सूचना पाएलगत्तै सशस्त्र प्रहरी नं ७ वैद्यनाथ वाहिनीबाट खटिएको तालिम प्राप्त टोलीले सकुशल उद्धार गर्‍यो । यही साउन १२ गते कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका–४ मालिका टोल नजिक महाकाली नदीको बीच भागमा फसेका ४५ वर्षीय रामबहादुर सिंहको पनि समयमै प्राप्त सूचनाका आधारमा सकुशल उद्धार भयो।
यही वर्षको मनसुनमा सुदूरपश्चिममा यस्ता दृश्य पटक–पटक दोहोरिए । दोधाराचाँदनी नगरपालिका–१० का नरेन्द्र बुढाका लागि यस्ता घटना केबल प्राकृतिक विपत्ति होइनन्, कहिल्यै नबिर्सिने स्मृति पनि हुन् । विपद्का प्रसङ्ग आउनेबित्तिकै उनीलाई २०६५ असोजको घटना याद आउँछ । महाकाली नदीको बाढी पस्दा त्यसबेला स्थानीय शान्ति टोलमा नौ जनाले ज्यान गुमाएका थिए । बाढीले बस्ती तहसनहस भएको थियो । त्यस घटनाले सिङ्गो समुदायलाई वर्षौं सम्म त्रसित बनायो तर समयसँगै धेरै कुरा फेरिए । विसं २०८१ असारमा फेरि महाकाली उर्लियो । शान्ति टोल र कटाराखल्लालगायत क्षेत्र डुबानमा परे। घर, पशुचौपाया र धनमालमा धेरै क्षति पुग्यो, तर मानवीय क्षति भएन। बुढा भन्छन्, 'उस्तै प्रकृतिका घटनामा पनि समयमै सूचना, छिटो उद्धार र प्रभावकारी प्रतिकार्य हुन सके धेरै जीवन बचाउन सकिँदो रहेछ। पछिल्ला वर्षमा सूचना प्रविधि, सुरक्षा निकायको तयारी र नागरिकको जागरुकताले ठूलो परिवर्तन ल्याएको छ।'

- **समयमै सूचना, समयमै उद्दार**

सशस्त्र प्रहरी बल, नेपाल नं ७ वैद्यनाथ वाहिनी मुख्यालयका वाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) दिग्विजय सुवेदीका अनुसार सफल उद्धारको आधार आधुनिक उपकरणसँगै समयमै प्राप्त हुने सूचना पनि हो। त्यसैले सशस्त्र प्रहरीले विपद् व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगसँगै समुदायसँगको सहकार्यलाई पनि जोड दिएको छ । त्यसका लागि समुदाय विपद् स्वयंसेवक र वडातहसम्म विपद् सूचक सञ्जालमार्फत सहकार्यको हात बढाइएको डिआइजी सुवेदीले बताउनुभयो । उनीका अनुसार समुदायसँगको प्रत्यक्ष सम्पर्कले जोखिमको सूचना छिटो प्राप्त हुन्छ र उद्धार टोलीलाई समयमै परिचालन गर्न सहज बनाउँछ।
सशस्त्र प्रहरी बल नेपाल, कैलालीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक (एसपी) खुमबहादुर केसी पनि विपद्को पहिलो सूचना नै सबैभन्दा महत्वपूर्ण हुने बताउँछन्। उनीका अनुसार उद्धारकर्तासँग सीप र उपकरण भए पनि सूचना ढिलो पुग्यो भने क्षति बढ्न सक्छ। त्यसैले सूचना प्रणालीलाई प्रविधि र समुदाय दुवैसँग जोडिएको छ।

**गाउँ–टोलमै विपद् स्वयंसेवक**

सशस्त्र प्रहरी बलले देशभरजस्तै सुदूरपश्चिममा विपद् व्यवस्थापनको नयाँ अभ्यास गरिरहेको छ । गाउँ–टोलसम्म समुदाय विपद् स्वयंसेवक र विपद् सूचक सञ्जाल बनाइएको छ। घटना हुनेबित्तिकै ती सञ्जालमा रहेका व्यक्तिले सुरक्षा निकायलाई खबर गर्छन् । यही प्रारम्भिक सूचनाले धेरैपटक उद्धारको गति निर्धारण गर्छ । डिआइजी सुवेदीका अनुसार प्रदेशभर नौ सयभन्दा बढी समुदाय विपद् स्वयंसेवक तयार गरिएका छन्। यसरी तयार गरिएका अधिकांश स्वयंसेवकलाई पाठ्यक्रममा आधारित १८ दिने तालिम दिइएको छ। वडा तहसम्म सूचना सञ्जाल विस्तार गरी १९ हजारभन्दा बढी विपद् सूचक परिचालन गरिएका छन् । 'उनीहरूले ११९४ नम्बरमार्फत तत्काल विपद् तथा सुरक्षासम्बन्धी सूचना उपलब्ध गराउँछन्, जसले हामीलाई परिचालित हुन सहयोग पुगेको छ', उनी भन्छन्, 'एकोहोरो सूचना लिने मात्रै होइन, बेलाबेला हाम्रो योजना र उनीहरुका अपेक्षाबारे पनि कुराकानी हुन्छ। समुदायसँग जोडिन र सूचना आदानप्रदान गर्ने यो अभ्यास निकै उपयोगी भइरहेको छ।'

विपद् स्वयंसेवक लक्ष्मण दमाई यस प्रकारको सञ्जाल र सामुदायिक साझेदारी विपद्सँग जुध्न र समस्यामा परेकाहरुको उद्दार गर्न निकै उपयोगी र प्रभावकारी भइरहेको बताउँछन्। 'यही साउन १२ गते महाकालीमा फसेका रामबहादुर सिंहको उद्धारका लागि हामीले नै सूचना दिएका थियौँ। त्यो एउटा सूचनाले उनीको ज्यान बच्यो । विपद्को समयमा तत्काल सूचना दिने सञ्जाल नबनेको भए यो सम्भव नहुन पनि सक्थ्यो। यसर्थ विपद्सँग जुध्न र छिटो उद्धार गर्न यसले निकै सहयोग पुगिरहेको छ', उनले भने। विपद्सँग लड्ने सबैभन्दा प्रभावकारी उपाय भनेको समयमै सूचना, दक्ष जनशक्तिको छिटो परिचालन र समुदायको सक्रिय सहभागिता हो। पछिल्लो समय सशस्त्र प्रहरी बलले देशभर कार्यान्वयन गरिरहेको सूचना प्रणाली र सक्रियताले विपद् उद्धार तथा प्रतिकार्यमा राम्रो उदाहरण दिइरहेको छ । 'जब समुदाय स्वयं पहिलो सूचना प्रणाली बन्छ, प्रविधिले त्यसलाई तुरुन्तै उद्धार प्रणालीसँग जोड्छ, तब सुरक्षा निकाय तत्काल परिचालित हुन्छ । यसले विपद् केबल क्षतिको कथा बन्न छोड्छ, त्यो आवश्यक तयारी, सहकार्य र जीवन बचाउने साझा आधार बन्छ', एसपी केसी भन्छन्।

- **प्रविधिले बोलाउँछ उद्धार टोली**

हाल विपद्को सूचना केबल फोन कलमा सीमित छैन । सशस्त्र प्रहरीले सञ्चालन गरिरहेको 'लुना आइओटी प्रणाली' पनि विपद् प्रतिकार्यमा निकै उपयोगी भएको छ। प्राप्त जानकारीअनुसार यस प्रणालीले केही सेकेण्डमै उद्धार केन्द्रलाई सचेत गराउन सक्छ । सूचना प्रणालीमा जडित उपकरणको हरियो बटन केही क्षण थिच्नेबित्तिकै घटनास्थल (जीपीएसमार्फत) सहितको सूचना नियन्त्रण कक्षमा पुग्छ । साइरन बज्छ । स्क्रिनमा घटनास्थल देखिन्छ । त्यही आधारमा सबैभन्दा नजिकको उद्धार टोली तत्काल परिचालित हुन्छ। यसका अतिरिक्त मोबाइल एप र टोल–फ्री नम्बर ११९४ मार्फत पनि बाढी, पहिरो, आगलागी तथा अन्य विपद्का सूचना पठाउने व्यवस्था गरिएको वैद्यनाथ बाहिनीले जनाएको छ। यी प्रविधिले सूचना पुग्ने समय घटाएको छ भने समुदायले सूचना पुग्ने पहुँच विस्तार गरेको छ।
सशस्त्र प्रहरीले सुदूरपश्चिममा तीन वटा करिडोर पहिचान गरी विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य योजना बनाएको छ। सडक दुर्घटना हुने लोकमार्ग, नदी करिडोर तथा पहिरो र डुबान प्रभावित क्षेत्रलाई प्राथमिक जोखिम क्षेत्रका रूपमा पहिचान गरिएको जनाइएको छ । त्यसअनुसार कैलालीको डुडेझारी, डोटीको बुडर र डडेल्धुराको अमरगढीमा विपद् व्यवस्थापन 'डेस्क' स्थापना गरिएका छन्। कैलालीको चुरे, बझाङको चैनपुर, बैतडीको पुर्चौडी, अछामको तासीलगायत नौ स्थानमा अस्थायी मनसुन प्रतिकार्य टोली तयारी अवस्थामा छन्। हाल आवश्यक पर्दा करिब एक हजार दक्ष जनशक्ति एकैपटक परिचालन गर्न सकिने व्यवस्था छ। तीमध्ये ३२० जना विशेष तालिम प्राप्त उद्धारकर्मी र १२ जना गोताखोर तयारी अवस्थामा रहेका डिआइजी सुवेदीले जानकारी दिए।

- **अबको चुनौती र अपेक्षा**

कठिन भूगोल र प्राकृतिक अवस्थाका कारण नेपाल विपद्को उच्च जोखिममा छ। त्यसैमा जलवायु परिवर्तनले थप चुनौती निम्त्याइरहेको छ। मौसमको स्वरूप परिवर्तन हुँदै गएको छ। लामो समय पानी नपरे पनि केही घण्टाको मुसलधारे वर्षाले ठूलो क्षति निम्त्याउने क्रम बढिरहेको छ। सुदूरपश्चिम त झन् जोखिममा छ। यहाँ पछिल्ला दश वर्षमा बाढी, पहिरो, भारी वर्षा र चट्याङका एक हजार ३२९ मनसुनजन्य विपद्का घटना भएको तथ्याङ्क छ । ती घटनामा २७७ जनाले ज्यान गुमाए भने ५४ जना बेपत्ता भए। यस्तै, ६७५ जना घाइते भए र १० हजार ७०० परिवार प्रत्यक्ष प्रभावित भए । हजारौँ घर, पुल, गोठ र पशुचौपायामा क्षति पुग्यो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१ मा २६१ मनसुनजन्य घटना हुँदा ३२ जनाको मृत्यु भएको थियो। गत आर्थिक वर्ष असार २६ गतेसम्म सर्पदंश, आगलागी, जनावरको आक्रमण, भारी वर्षा, बाढीलगायत विभिन्न विपद्का ९२६ घटना भए। ती घटनामा ३५ जनाको मृत्यु भयो भने एक हजार ४२८ परिवार प्रभावित भए।
जल तथा मौसम विज्ञान कार्यालय, अत्तरियाका अनुसार यस वर्षको मनसुनजन्य जोखिम विश्लेषणमा सुदूरपश्चिममा सात हजार ६०३ परिवारका ३३ हजार २२७ जना प्रभावित हुने अनुमान रहेको छ। जिल्लागत हिसाबमा कञ्चनपुरमा सबैभन्दा बढी सात हजार १३२ र सबैभन्दा कम दार्चुलामा एक हजार ४६७ जना प्रभावित हुने अनुमान छ। यस्तै, कैलालीमा छ हजार १९५, डोटीमा चार हजार ८२०, बाजुरामा तीन हजार ७७६, बैतडीमा तीन हजार ३६२, बझाङमा एक हजार ७६४ र अछाममा एक हजार ६०२ जना प्रभावित हुने तथ्याङ्क छ। जोखिमको यस्तो अवस्थामा विपद् जोखिम न्यूनीकरणका लागि तीनै तहका सरकारले विभिन्न संरचना र विकास साझेदारको सहयोगमा विविध कार्यक्रम गरिरहेका छन् । स्थानीय तहसँगको सहकार्य पनि क्रमशः सुदृढ बन्दै गएको छ। यही सहकार्यका कारण सशस्त्र प्रहरी बललाई गत आर्थिक वर्षमा विभिन्न १० वटा पालिकाबाट १० वटा '¥याफ्ट बोट' प्राप्त भएपछि उद्धार क्षमता अझ विस्तार भएको छ। नेपाली सेना, नेपाल प्रहरी, स्थानीय प्रशासन र स्थानीय सरकारबीचको समन्वयले प्रतिकार्यलाई थप प्रभावकारी बनाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ।
करिब २७ लाख जनसङ्ख्या, नौ वटा जिल्लाको जटिल भूगोल, महाकाली, कर्णाली, सेतीजस्ता ठूला नदी भएकाले यहाँ सबै तहले थप तयारी र सतर्कता अपनाउन जरुरी रहेको जानकारहरु बताउँछन् । हाल प्रदेशभर हुने डुबानलगायत समस्यामा उद्धारका लागि सशस्त्रसँग १२ जना मात्रै गोताखोर छन्। तिनलाई परिचालनका लागि पर्याप्त स्रोतसाधन छैन, तर प्रदेश सरकारले छुट्याएको बजेटसमेत खर्च हुन सकिरहेको छैन । गत आर्थिक वर्षमा उद्धार उपकरणलगायत सामग्री खरिद र गोताखोरलाई तालिम दिने भनेर प्रदेश सरकारले छुट्याएको बजेटसमेत खर्च गरिएन । सबै तहका सरकार र संरचनाले थप समन्वयका साथ काम गरी विपद् जोखिम न्यूनीकरणमा थप काम गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। यसरी मिलेर काम गर्न सुदूरपश्चिममा मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रादेशिक कार्ययोजना र बहुप्रकोप पूर्वसूचना रणनीतिक कार्ययोजना कार्यान्वयनमा छन् । त्यसअनुसार प्रदेश, जिल्ला र स्थानीय तहसम्म आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा तीनै तहमा विपद् व्यवस्थापन परिषद् र समिति छन् । सुरक्षा फौजसँग रहेका जनशक्तिलाई स्रोतसाधन सम्पन्न बनाउँदै समुदायस्तरमा रहेका विपद् स्वयंसेवक र विपद् सूचक सञ्जाललाई ती समितिले संस्थागत रूपमा जोड्न सके यसको प्रभावकारिता थप बढ्ने धेरैको विश्वास छ। डिआइजी सुवेदी पनि विशेषगरी स्थानीय तहले समुदायमा रहेका स्वयंमसेवक र विपद् सूचकलाई आफ्नै प्रणालीको हिस्सा बनाउँदै विपद् व्यवस्थापन अझ दिगो बनाउनुपर्ने सुझाव दिन्छन्। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## जनकपुरधाम मत्स्य केन्द्रमा

# ४ करोड ३८ लाख माछाका भुरा उत्पादन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा ४ करोड ३८ लाख ह्याचलिङ (माछाका भुरा) उत्पादन गरी किसानलाई बिक्री–वितरण गरेको छ । केन्द्रका प्रमुख ज्ञानबहादुर जिरेलका अनुसार गत आर्थिक वर्षमा ३२ लाख फ्राइ, १३ लाख ८२ हजार फिङ्गरलिङ तथा २ हजार ५३ किलोग्राम खाने माछा पनि उत्पादन गरिएको छ।

माछाका भुरा बिक्रीबाट केन्द्रले ३४ लाख ३५ हजार ५३६ रुपैयाँ आम्दानी गरेको छ । यस्तै, सरकारी सम्पत्ति बहालबाट ३ लाख २४ हजार ३०० रुपैयाँ तथा अन्य प्रशासनिक सेवा प्रवाहबाट ५९ हजार रुपैयाँ राजस्व संकलन भएको केन्द्रले जनाएको छ ।



केन्द्रमा उत्पादन हुने माछाका भुरा मधेश प्रदेशका धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका किसानले खरिद गर्ने गरेका छन् । साथै, बागमती र कोशी प्रदेशअन्तर्गत काठमाडौं, सिन्धुली, रामेछाप, दोलखा र सुनसरीका किसानले पनि यहाँबाट भुरा लैजाने गरेका छन्।

केन्द्रले मुख्य रूपमा रहु, नैनी, भाकुर, कमन कार्प, सिल्भर कार्प, बिगहेड कार्प र ग्रास कार्प प्रजातिका माछाका भुरा उत्पादन गर्दै आएको छ । यद्यपि, अघिल्लो आर्थिक वर्षको तुलनामा ह्याचलिङ उत्पादन केही घटेको छ । आर्थिक वर्ष २०८१/८२ मा केन्द्रले ४ करोड ७५ लाख ५ हजार ह्याचलिङ, ३२ लाख ३६ हजार फ्राइ, १२ लाख ६२ हजार फिङ्गरलिङ तथा २ हजार किलोग्राम खाने माछा उत्पादन गरेको थियो।

माछा उत्पादन र व्यवसाय प्रवद्र्धनसँगै केन्द्रले निजी ह्याचरी सञ्चालक तथा किसानलाई तालिम र प्राविधिक ज्ञानसमेत उपलब्ध गराउँदै आएको जनाएको छ । यसबाट व्यावसायिक माछापालनमा संलग्न किसानले आवश्यक प्राविधिक सहयोग प्राप्त गर्दै आएका छन् । वि.सं. २०१८ मा स्थापना भएको केन्द्रमा हाल ७८ वटा माछापोखरी रहेका छन् । तीमध्ये १९ वटा पोखरी प्रयोगविहीन अवस्थामा छन् भने बाँकी पोखरीमार्फत माछाका भुरा तथा खाने माछा उत्पादन भइरहेको केन्द्रले जनाएको छ।

# सशस्त्र प्रहरीको कार्यालयमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गण हेडक्वार्टर पर्साको आयोजना तथा ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको सहकार्यमा बृक्षारोपन कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज–१, छपकैया स्थित बबिता पराजुली आधारभूत विद्यालय तथा छठघाट परिसरमा शुक्रवार वृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा विभिन्न प्रजातिका २०० वटा बिरुवा रोपिएको ग्रीनसीटीका अध्यक्ष जय प्रकाश खेतानले जानकारी गराएका छन्।

सो अवसरमा सशस्त्र प्रहरी बलका अधिकृत तथा जवान, ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका पदाधिकारी, विद्यालयका शिक्षक–शिक्षिका, विद्यार्थी तथा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता थियो।

# मधेशमा ९५ प्रतिशत रोपाइँ




**जनकपुरधाम।**
मधेश प्रदेशमा ९५ दशमलव ५१ प्रतिशत रोपाइँ भएको छ। प्रदेश कृषि विकास निर्देशनालय धनुषाका अनुसार आजसम्म प्रदेशभर तीन लाख ६५ हजार २९१ दशमलव १५ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ । प्रदेशका आठ जिल्लामध्ये सिरहा र बारामा शतप्रतिशत रोपाइँ सम्पन्न भएको छ। सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुने प्रदेश कृषि विकास निर्देशनालयका बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिइन् । उनका अनुसार बारामा लक्ष्यभन्दा बढी रोपाइँ भएको छ।

बारामा ४५ हजार १०० हेक्टर क्षेत्रफलमा रोपाइँ गर्ने लक्ष्य लिइएकामा यस वर्ष ४६ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ भएको अधिकृत विश्वकर्माले बताइन् । उनका अनुसार सप्तरीमा ९१ दशमलव २५ प्रतिशत, धनुषामा ९० प्रतिशत रोपाइँ भएको छ । जिल्लामा ४३ हजार ९०० हेक्टर क्षेत्रफलमा धानखेती हुने लक्ष्य रहेकामा हालसम्म ३९ हजार ३३० हेक्टरमा रोपाइँ सकिएको कृषि विकास निर्देशनालयले जनाएको छ ।

सर्लाहीमा ९९, रौतहटमा ९८, पर्सामा ९१, महोत्तरीमा ८१ दशमलव ६८ प्रतिशत रोपाइँ भएको कृषि विकास निर्देशनालयले जनाएको छ । मधेश प्रदेशमा कूल तीन लाख ८२ हजार ४३३ हेक्टर क्षेत्रफलमा धानखेती हुने अनुमान गरिएको छ । अनुकूल वर्षा र पर्याप्त सिँचाइ सुविधाका कारण यस वर्ष रोपाइँ सन्तोषजनक भएको अधिकृत विश्वकर्माले बताइन् । रासस

# वीरगंजमा इन्टरनेटका अव्यवस्थित तार हटाइने



**वीरगंज ।**
वीरगंज महानगरपालिकाले वीरगंजमा इन्टरनेटका अव्यवस्थित तार हटाइने भएको छ । सहरलाई सफा, सुन्दर र सुरक्षित बनाउने अभियानअन्तर्गत नगरभरि अव्यवस्थित रूपमा झुन्डिएका इन्टरनेटका तार व्यवस्थापन गर्ने उद्देश्यले महानगरपाििलले आज महानगरपालिका र सेवा प्रदायक कम्पनिहरु वर्ल्ड लिङ्क, नेपाल टेलिकम, भाइनेट कम्युनिकेशन र डिशहोम फाइबर नेटलगायत कम्पनीका प्रतिनधिसँग वैठक बसेको छ । बैठकमा महानगरका कार्यवाहक प्रमुख इम्तियाज आलमले इन्टरनेटका अव्यवस्थित तारका कारण पनि आगलागी र दुर्घटनाको जोखिमसमेत बढेको उल्लेख गर्दै नागरिकको सुरक्षाको निम्ति जतिसक्दो चाँडो व्यवस्थापन कार्य सुरु गर्ने बताए ।

उनले भने, 'शहरका पोलमा जथाभावी तार झुण्डाएको छ, अव्यवस्थित तारका कारण एकातिर सहरको सौन्दर्यमा नकारात्मक असर परेको छ भने अर्कोतर्फ आगलागी र दुर्घटनाको जोखिम पनि उत्तिकै छ, नागरिकको सुरक्षाका निम्ति जतिसक्दो चाँडो अव्यवस्थित तार हटाउनुपर्छ ।' अव्यवस्थित तार व्यवस्थापनलाई अभियानकै रूपमा अघि बढाइएको र इन्टरनेट सेवा प्रदायकहरूसँग सहकार्य गरेर त्यसको दीर्घकालीन समाधान खोजिने कार्यवाहक प्रमुख आलमले बताए ।

बैठकले थप निष्कर्ष र कार्ययोजना तय गर्दै दीर्घकालिन समाधान गर्न आगामी सोमबार बृहत् छलफल गर्ने निर्णय गरेको छ । सो बैठकपछि सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी प्रयोगविहीन तथा अव्यवस्थित तार हटाउने र व्यवस्थित गर्ने अभियानलाई तीव्रता दिइने महानगरपालिकाका प्रमुख प्रशासनिय अधिकृत बसन्तबहादुर बोहराले जानकारी दिए । महानगरले पटक पटक तार व्यवस्थापनका लागि सम्वन्धित निकायलाई अनुरोध गर्दापनि कार्यान्वयन हुन सकेको छैन ।

पछिल्लो पटक २०८० वैशाख १४ गतेको बैठकले वीरगञ्ज महानगरपालिकाले नगर क्षेत्रभित्र अव्यवस्थित रुपमा रहेका इन्टरनेट तथा टेलिफोनका तारहरू काटेर हटाउने निर्णय गरे पनि त्यसले पूर्णता पाउन सकेको थिएन ।रासस

# 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई समयसापेक्ष बनाउनुपर्छ'

**काठमाडौँ।**
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक समयसापेक्ष हुनुपर्नेमा सांसदहरूले जोड दिएका छन् । उक्त विधेयकमाथि महिला, कानुन र विकास मञ्चले प्रतिनिधिसभाका सांसदहरूसँग गरेको छलफलमा सहभागीहरूले संशोधन विधेयकमा अधिकांश विषय भन्दै यसमा गरिएको व्यवस्थालाई अझ परिमार्जन गर्नसके समय सापेक्ष हुनेमा जोड दिएका हुन्।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले शुक्रबार प्रतिनिधिसभामा प्रस्तुत गरेको 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन विधेयक, २०८३' मा थप २२ वटा बुँदा संशोधन गरेमा समयसापेक्ष हुने विषयमा सांसदहरूले पनि ऐक्यबद्धता जनाए।

कार्यक्रममा सांसद प्रेमबहादुर वैयकले कम्बोडिया र अस्ट्रेलियामा भएका मानव तस्करीको घटनाबारे छलफलमा सहभागीलाई सुनाए । त्यस्ता घटना दोहोरिन नदिन यो विधेयकमा के व्यवस्था गर्न सकिन्छ भनेर उनले सुझाव मागे । सांसद सुशीला ढकाल आचार्यले विदेशमा रहेका पीडितलाई कानुनी सहायता राख्न के गर्न सकिन्छ भनेर संशोधनका लागि सुझाव माग गरिन्।

छलफलमा विष्णुमाया परियार, साजदा सिद्धिकी, यशोदा बराल, पवित्रा विश्वकर्मा, राधिका रम्तेल, सिर्जना श्रेष्ठ, प्रभा कार्की, सरस्वती लामा, खेमराज कोइरालालगायत सांसदहरूले नेपालमा मानव बेचबिखन र ओसारपसारका आयामका बारेमा आआफ्नो धारणा राखेका थिए । उनीहरूले बेचविखनमा बालबालिका र महिला बढी पीडित हुने गरेका बताए।

पछिल्लो समय पुरुष पनि पीडित हुने भएकाले सबैलाई समेट्ने गरी कानुन निर्माण हुनुपर्नेमा सांसदहरूको जोड छ । 'ऐनमा के छ ?', 'संशोधन विधेयकमा के आएको छ ?', 'के विषय थप्दा वा हटाउँदा अझ राम्रो हुनसक्छ ?' भनेर मञ्चले सांसदहरूलाई सहजीकरण गरिदिएको थियो । मञ्चका अनुसार ६० जनाभन्दा बढी सांसदहरूबीच भएको उक्त छलफल कार्यक्रम 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन विधेयकको गहिराइसम्म पुग्न सहयोग गर्ने विश्वास गरिएको छ । मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले कार्यक्रममा सहजीकरण गर्दै विधेयकलाई पूर्ण बनाउन सांसदहरूले संशोधन प्रस्ताव राखेर सहयोग गर्नुपर्ने बताए।

कार्यक्रममा दफा १ को उपदफा (३), दफा २, दफा ४, दफा ५, दफा ८ (क), दफा ११, दफा १२, दफा १३, दफा १४, दफा १५, दफा १७, दफा २० (क), दफा २२, दफा २३, दफा २३ (क) र दफा २३ (ख), दफा २५, दफा २६, दफा २७, दफा २७ (क), दफा २७ (ख), दफा २९ (क) मा भएका व्यवस्थालाई छलफल गरी संशोधन गर्न सुझाव दिइएको थियो । मानव बेचबिखन तथा ओसारपसारको आयाम बद्लीरहने भएकाले कानुन निर्माणमा ध्यान पु¥याउन सांसदहरूलाई सुझाव दिइएको थियो।

विसं २०४३ मा 'जिउ मास्ने बेच्ने ऐन'का रूपमा आएको र त्यसलाई परिमार्जन गरी २०६४ मा 'मानव बेचबिखन तथा ओसारपसार ऐन' निर्माण भएको स्मरण गर्दै कार्यकारी निर्देशक श्रेष्ठले उक्त ऐन आएको २० वर्षपछि संशोधन विधेयक आएको जानकारी दिए।

उनले मानव बेचबिखन र ओसारपसार स्वदेशमा मात्र सीमित नभएकाले यसलाई अन्तरदेशिय कानुनसँग मेल खाने गरी संशोधन गर्नु आजको आवश्यकता रहेको बताए । 'नेपाल 'पालेर्मो प्रोटोकल' को पक्ष राष्ट्र हो, मानव बेचबिखनका लागि नेपाल स्रोत मुलुक मात्र नभएर गन्तव्य मुलुकसमेत बनेको छ । त्यसैले संशोधन विधेयकमा अन्तरराष्ट्रिय सन्धि सम्झौतालाई ध्यानमा राख्न जरुरी छ', कार्यकारी निर्देशक श्रेष्ठले जोड दिए । छलफलको उद्देश्यबारे प्रकाश पार्दै मञ्चका अधिवक्ता विनोदचन्द्र देवकोटाले तीन तहको सरकारसँग मानव बेचविखन तथा ओसारपसार ऐनसम्बन्धी आफ्नै भए पनि स्पष्ट नभएको बताए । मानव बेचविखन र ओसारपसार फरक गतिविधि भएकाले यसलाई अलग गर्नुपर्ने उनको सुझाव छ । विधेयकमा प्रयोग भएका भाषालगायत अन्य केही विषयमा सुधार आवश्यक भएकाले सरोकार भएका निकायका प्रतिनिधिको सहभागितामा छलफल आयोजना गरिएको उनले बताए । रासस

# धनुषामा ६६.५ हेक्टरमा वृक्षारोपण, वन संरक्षणसँगै ४६ लाखभन्दा बढी राजस्व संकलन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
डिभिजन वन कार्यालय धनुषाले आर्थिक वर्ष २०८२/८३ मा हरियाली विस्तार, वन संरक्षण र सामुदायिक सहभागितालाई प्राथमिकता दिँदै जिल्लाका विभिन्न क्षेत्रमा ६६ दशमलव ५ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरेको जनाएको छ । कार्यालयका प्रमुख विनोद सिंहका अनुसार सामुदायिक वन, सार्वजनिक तथा खाली जग्गा र सडक किनारमा बाँस, फलफूल तथा अन्य प्रजातिका हजारौं बिरुवा रोपिएका छन् । उनका अनुसार यस अभियानले वातावरण संरक्षण, जैविक विविधताको संवद्र्धन तथा भूक्षय नियन्त्रणमा सकारात्मक योगदान पु¥याएको छ ।

कार्यालयका अनुसार कालिखोला, दूधपानी र सुनबेरी सामुदायिक वनमा १२ हजार बाँसका बिरुवा रोपिएका छन् । केशर दमर सामुदायिक वनमा ५ सय फलफूलसहित ८ हजार, धनुषाधाम वन संरक्षण क्षेत्रमा ३ हजार ४ सय फलफूलसहित १३ हजार बिरुवा रोपिएको छ । यस्तै, कमला नगरपालिकाको सार्वजनिक जग्गामा ९ हजार ६ सय, मुगिया हरियाली सामुदायिक वनमा १६ हजार, लक्ष्मीनियाँ गाउँपालिकाको खाली जग्गामा ४ हजार १४५ तथा जलाइद साझेदारी वन क्षेत्रमा ५ हजार बिरुवा रोपिएको कार्यालयले जनाएको छ ।

यसैगरी, जिल्लाका १७ किलोमिटर सडक किनारमा ३ हजार ४०९ बिरुवा रोपिएको छ भने निजी क्षेत्र तथा विभिन्न संघसंस्थालाई १ लाख ५० हजार बिरुवा वितरण गरिएको कार्यालयले जनाएको छ । वन क्षेत्र संरक्षणका लागि सञ्चालन गरिएको अभियानअन्तर्गत जिल्लाका विभिन्न स्थानमा अतिक्रमण गरी बनाइएका घर, टहरा तथा अन्य संरचना हटाएर करिब १० कट्ठा वन क्षेत्र अतिक्रमणमुक्त गरिएको कार्यालयको दाबी छ । धनुषाधाम वन संरक्षण क्षेत्रभित्र रहेका पसल तथा होटल हटाएर करिब तीनदेखि चार कट्ठा जग्गा खाली गराइएको छ । साथै, मालटोल सामुदायिक वनमा सञ्चालित होटल हटाइएको तथा पोखरी दमार सामुदायिक वन क्षेत्रमा निर्माण गरिएको घर भत्काएर अतिक्रमित क्षेत्र खाली गरिएको कार्यालयले जनाएको छ ।

वन संरक्षणसँगै स्थानीयको आयआर्जन बढाउने उद्देश्यले जिल्लामा ४७ वटा वनमा आधारित उद्यम सञ्चालन गरिएको छ । यस्ता उद्यममार्फत वनमा आश्रित समुदायलाई रोजगारी र आम्दानीसँग जोड्ने प्रयास गरिएको कार्यालयले जनाएको छ । हरित पार्क प्रवद्र्धन कार्यक्रमअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, मिथिला बिहारी नगरपालिका र मिथिला नगरपालिकामा गरी १० वटा हरित पार्क निर्माण गरिएको प्रमुख सिंहले बताए ।

डिभिजन वन कार्यालयले आर्थिक वर्ष २०८२÷८३ मा रोयल्टी, मूल्य अभिवृद्धि कर (भ्याट) लगायत विभिन्न शीर्षकबाट ४६ लाख ६ सय ९५ रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ । कार्यालयका अनुसार निजी वन क्षेत्रबाट ३९ लाख ६० हजार ४१६ रुपैयाँ, सामुदायिक वन क्षेत्रबाट रोयल्टीबापत ३ लाख ७ हजार ६१२ रुपैयाँ तथा मूल्य अभिवृद्धि करतर्फ १ लाख ३० हजार ८३६ रुपैयाँ राजस्व संकलन भएको छ ।



यस अवधिमा अवैध वन पैदावार ओसारपसार तथा वन क्षेत्रमा क्षति पु¥याउने चार वटा मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाइएको छ । कारबाहीका क्रममा १९ दशमलव २५ घनमिटर सालको काठ बरामद गरिएको कार्यालयले जनाएको छ । कार्यालयले पाँच वटा सामुदायिक वनबाट ७ हजार ६२३ दशमलव ७२ घनफिट काठ सङ्कलनका लागि सहमति दिएको छ । साथै, निजी वनबाट २ लाख ५१ हजार ६२२ दशमलव ३२ घनफिट काठ र सामुदायिक वनबाट ७ दशमलव ३८ चट्टा दाउरा उत्पादनका लागि अनुमति प्रदान गरिएको जनाएको छ ।

कार्यालयले घर निर्माण तथा विपद् व्यवस्थापनका लागि जिल्लाभित्र १५२ दशमलव ३८ घनफिट काठ उपलब्ध गराएको छ । त्यसमध्ये ३१ दशमलव १६ घनफिट घरकाजका लागि र १२१ दशमलव २२ घनफिट आगलागी पीडितलाई वितरण गरिएको प्रमुख सिंहले जानकारी दिए । डिभिजन वन कार्यालयले आगामी आर्थिक वर्षमा पनि वन संरक्षण, हरियाली विस्तार, वनमा आधारित उद्यमको प्रवद्र्धन तथा स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# विपन्न एवं जनता आवास योजनामै...

गरेको आरोप लागेको छ। स्थानीय स्रोतका अनुसार कार्यालयका केही कर्मचारीलाई आर्थिक लाभ पु¥याएर गुणस्तरहीन सामग्री प्रयोग गरिएको तथा अनुगमनलाई जानाजानी कमजोर बनाइएको हो। स्थानीयवासीले प्रमाणसहित पटक–पटक गुनासो गर्दा पनि कुनै प्रभावकारी अनुगमन, निर्माण रोक्का वा कारबाही नभएको भन्दै निष्पक्ष छानबिनको माग गरेका छन्।

- **सूचना माग्दा पनि कार्यालय मौन**

योजनासम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने दायित्व भए पनि भौतिक पूर्वाधार विकास कार्यालयले सूचना उपलब्ध गराउन आलटाल गरिरहेको आरोपसमेत लागेको छ । छिपहरमाई गाउँपालिकाका एक स्थानीयले २०८३ जेठ ११ गते दर्ता नम्बर ९०२ अन्तर्गत सूचना माग निवेदन दर्ता गराएका थिए। तर दुई महिना बितिसक्दा पनि माग गरिएको विवरण उपलब्ध नगरिएको उनीहरूको गुनासो छ । योजनामा भएका सम्भावित अनियमितता सार्वजनिक हुने डरले कार्यालयले सूचना लुकाएको आरोप सूचना मागकर्ताको छ।

- **निष्पक्ष छानबिनको माग**

स्थानीयवासीले योजनाअन्तर्गत निर्माण भएका घरको गुणस्तर, लाभग्राही छनोट प्रक्रिया, भुक्तानी, निर्माण सामग्रीको प्रयोग तथा आर्थिक कारोबारबारे उच्चस्तरीय र निष्पक्ष छानबिन गर्न माग गरेका छन्।

दोषी जोसुकै भएपनि कानुनी कारबाही गरी वास्तविक गरिब, दलित, असहाय तथा घरबारविहीन नागरिकलाई मात्रै राज्यको सुविधा सुनिश्चित गर्न उनीहरूको आग्रह छ। गरिब र विपन्नको जीवनस्तर उकास्ने उद्देश्यले ल्याइएको सरकारी आवास योजना नै यदि राजनीतिक संरक्षण, पहुँच र कमिसनको माध्यम बनेको हो भने यसले योजनाप्रतिको जनविश्वास मात्र होइन, राज्यको सामाजिक न्यायप्रतिको प्रतिबद्धतामाथि पनि गम्भीर प्रश्न खडा गर्ने निश्चित छ।

## आधिकारिक सर्भिस सेन्टरमै लापरवाही:
# 'मोबाइल बनाउन दिएँ, झन् बिगारिदिए' !

**मधेशदृष्टि**
**वीरगंज।**
उपभोक्ताले विश्वासका साथ रोज्ने आधिकारिक सर्भिस सेन्टरमै सेवा प्रवाहप्रति गम्भीर प्रश्न उठ्ने घटना वीरगंजमा सार्वजनिक भएको छ । वीरगंजको माइस्थानस्थित सामसुङ कम्पनीको आधिकारिक सर्भिस सेन्टरमा मोबाइल मर्मतका नाममा सेवाग्राहीलाई अनावश्यक रूपमा पटक–पटक धाउन बाध्य पारिएको, समयमै सेवा नदिइएको तथा मर्मतका क्रममा मोबाइलको थप क्षति गरिएको आरोप लागेको हो ।




वीरगंज महानगरपालिका–२३ रामगढवा निवासी अशेसर पटेलले आफ्नो 'सामसुङ ग्यालेक्सी एस–२५ अल्ट्रा' मोबाइलको डिस्प्ले मर्मत गराउन करिब एक साताअघि उक्त सर्भिस सेन्टरमा बुझाएका थिए । तर, तोकिएको समयमै मोबाइल मर्मत गरेर नदिई प्रत्येक दिन 'भोलि आउनुस्' भन्दै झुलाइएको उनको गुनासो छ।

पटेलका अनुसार मोबाइलको डिस्प्ले परिवर्तन गर्न दिइएको भएपनि मर्मत प्रक्रियाकै क्रममा मोबाइलको पछाडिको सिसा (ब्याक ग्लास) समेत फुटाइएको छ। पहिले नभएको क्षति सर्भिस सेन्टरमै भएको भन्दै उनले त्यसप्रति गम्भीर आपत्ति जनाएका छन्। उनले एक सातासम्म दैनिकजसो सर्भिस सेन्टर पुग्दा पनि कहिले पार्टपुर्जा नआएको, कहिले काम भइरहेको र कहिले भोलिपल्ट लिन आउन आग्रह गरिएको बताए। पटक–पटक आश्वासन दिए पनि अन्ततः मोबाइल तयार नभएको उनको भनाइ छ । घटनाले शुक्रबार नयाँ मोड लिएको बताइएको छ । पटेलका अनुसार बिहान करिब १० बजे सर्भिस सेन्टरबाट फोन गरी मोबाइल मर्मत भइसकेको र आएर लैजान आग्रह गरिएको थियो। व्यक्तिगत कामका कारण उनी साँझ करिब ४ बजे सर्भिस सेन्टर पुगेका थिए । तर त्यहाँ पुग्दा मोबाइल अझै मर्मत भइनसकेको पाइएको उनले बताए।

यति मात्र होइन, आफूलाई फोन गरेर बोलाएपछि मोबाइल लिन जाँदा त्यहाँ कार्यरत मिस्त्रीले उल्टै 'फोन गर्नेबित्तिकै किन आउनुभएन ? अब भोलि आउनुस' भन्दै असभ्य व्यवहार र हप्कीदप्की गरेको आरोप पटेलले लगाएका छन् । सेवाग्राहीप्रति अपनाइएको यस्तो व्यवहारका कारण दुवै पक्षबीच विवादसमेत भएको बताइएको छ । पटेलले आधिकारिक सर्भिस सेन्टरबाट गुणस्तरीय र जिम्मेवार सेवा पाउने अपेक्षा राखेर मोबाइल बुझाएको भएपनि उल्टै समयको बर्बादी, मानसिक तनाव र मोबाइलमा थप क्षति व्यहोर्नुपरेको गुनासो गरेका छन् । उनले मर्मतको क्रममा भएको क्षतिको जिम्मेवारी सर्भिस सेन्टरले लिनुपर्ने माग गरेका छन्।

उनको भनाइअनुसार आधिकारिक सर्भिस सेन्टर भएकै कारण उपभोक्ताले निजी मर्मत पसलभन्दा बढी शुल्क तिर्न तयार हुन्छन्। तर, महँगो सेवा लिएर पनि समयमै मर्मत नहुने, सामानको सुरक्षा सुनिश्चित नहुने र सेवाग्राहीसँग सम्मानजनक व्यवहारसमेत नहुने अवस्था चिन्ताजनक भएको उनको टिप्पणी छ । घटनापछि पटेलले सर्भिस सेन्टरको सेवा, कर्मचारीको व्यवहार तथा मर्मत प्रक्रियामा देखिएको लापरवाहीबारे सञ्चारकर्मीसमक्ष गुनासो राखेका छन्। उनले सम्बन्धित कम्पनी तथा सरोकारवाला निकायले घटनाको छानबिन गरी सेवाग्राहीमाथि भएको अन्यायको समाधान गर्नुपर्ने माग गरेका छन्।

आधिकारिक सर्भिस सेन्टरहरूले मर्मतका क्रममा ग्राहकको सामान सुरक्षित राख्नु, तोकिएको समयभित्र सेवा उपलब्ध गराउनु तथा मर्मतका क्रममा थप क्षति भए त्यसको जिम्मेवारी लिनु उनीहरूको दायित्व हो । यदि सेवाग्राहीका गुनासोलाई आधार मान्ने हो भने यो सेवा प्रवाहमा गम्भीर लापरवाहीको उदाहरण हो । यस विषयमा सामसुङको आधिकारिक सर्भिस सेन्टर वा सम्बन्धित व्यवस्थापनको आधिकारिक प्रतिक्रिया भने प्राप्त हुन सकेको छैन । घटनाबारे उनीहरूको धारणा प्राप्त भएपछि समाचार अद्यावधिक गरिनेछ।

# आयातित वस्तुको परिणाम एवं मूल्यमा वृद्धि

**मधेशदृष्टि**
**वीरगंज।**
मुलुकको प्रमुख व्यापारिक नाका वीरगंजबाट आयात हुने प्रमुख वस्तुहरूको परिमाण र मूल्य गत आर्थिक वर्षमा एकैसाथ बढेको छ । उद्योगका लागि आवश्यक कच्चा पदार्थ, कृषि उत्पादनमा प्रयोग हुने मलखाद, सवारी साधन, विद्युतीय उपकरणदेखि दैनिक उपभोग्य वस्तुसम्मका शीर्ष १० आयातित वस्तुको आयात मूल्य अघिल्लो आर्थिक वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको हो।

वीरगंज भन्सार कार्यालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा शीर्ष १० सूचीमा परेका कुनै पनि वस्तुको आयात मूल्य घटेको छैन । यसले एकातिर आन्तरिक बजारमा औद्योगिक कच्चा पदार्थ र निर्माण सामग्रीको माग बढेको सङ्केत गर्छ भने अर्कातिर उपभोगमुखी वस्तु तथा इन्धनमा विदेशी निर्भरता अझ चुलिएको देखाउँछ।

भन्सार तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा नेपाल आयल निगमले वीरगंज नाकाबाट मात्रै २ खर्ब ३८ अर्ब ५६ करोड रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात गरेको छ, जुन आयात सूचीको पहिलो नम्बरमा छ।

# मोटरसाइकल चोरीको आरोपमा युवक पक्राउ

**मधेशदृष्टि**
**कलैया।**
बाराको निजगढ निवासी एक युवक मोटर साइकल चोरीको अभियोगमा काठमण्डौमा पक्राउ परेको छ । उनीसंगै विभिन्न जिल्लाका ६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको खबर छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट बुलेट र डुक मोटरसाइकल चोरी गरेको आरोपमा उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथको टोलीले निजगढका अभिशेख लामा थिंग सहित उनको गिरोहलाई पक्राउ गरेको हो।

प्रहरीले जानकारी दिए अनुसार पक्राउ पर्नेमा बाराको निजगढ नगरपालिका–१२ का २१ वर्षीय अभिषेक लामा थिङ, बर्दियाको श्रीपुर नगरपालिका–७ का २१ वर्षीय अभियास थारु, काभ्रेको पाँचखाल नगरपालिका–९ का १७ वर्षीय रिशब शाक्य र सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका–३ का १८ वर्षीय आशिष राउत रहेका छन् । त्यसैगरि तेह्रथुमको म्याङलुङ गाउँपालिका–७ का १९ वर्षीय सोनाम छिरी शेर्पा र सोलुखुम्बुको सल्लेरी गाउँपालिका–५ का १९ वर्षीय राजिब तामाङ पक्राउ परेका छन्।

प्रहरीले उनीहरूको साथबाट चोरीको बा.प्र. २–०४२ प ४९६८ नम्बरको डुक मोटरसाइकल र बा.प्र. २–०३३ प ३८४४ नम्बरको बुलेट मोटरसाइकल बरामद गरेको छ।

# ठूलो परिमाणमा लागुऔषध बरामद

**मधेशदृष्टि**
**सिरहा।**
सिराहा जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिकामा प्रहरीले ठुलो परिमाणमा अवैध लागूऔषध गाँजा बरामद गरेको छ। गएराति नियमित गस्तीमा रहेको प्रहरी टोलीले ५३ किलो ४६५ ग्राम गाँजा जस्तो देखिने पदार्थ बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार राति करिब ११:५० बजेको समयमा सखुवानन्कारकट्टी गाउँपालिका वडा नं. ४, सिमरास्थित बलान खोलामा इलाका प्रहरी कार्यालय महेशवारीबाट खटिएको गस्ती टोलीले उक्त पदार्थ फेला पारेको हो । प्रहरी टोलीलाई देख्नासाथ ४ जना व्यक्तिहरूले टाउकोमा बोकी ल्याइरहेका ४ वटा प्लास्टिकका बोराहरू फालेर फरार भएका थिए।

तस्करहरू फरार भएपछि प्रहरीले ती बोराहरू नियन्त्रणमा लिएर जाँच गर्दा लागूऔषध गाँजा जस्तो देखिने पदार्थ फेला परेको थियो।

कार्यालयमा ल्याई तौल गर्दा उक्त पदार्थ ५३ किलो ४६५ ग्राम रहेको पाइएको छ।

## ढल्केबरमै ट्रमा सेन्टर
# निर्माणको माग गर्दै आन्दोलनको घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिका–७, ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सार्ने प्रयास भएको भन्दै स्थानीयले चरणबद्ध आन्दोलनको घोषणा गरेका छन्। ट्रमा सेन्टर प्रस्तावित स्थानमै निर्माण गर्नुपर्ने मागसहित गठित संघर्ष समितिले शुक्रबार ढल्केबरमा पत्रकार सम्मेलन गरी आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो । समितिका अनुसार साउन २३ गते ढल्केबरमा राँके जुलुस निकालिनेछ । त्यसपछि साउन २४ गते पूर्व–पश्चिम राजमार्गअन्तर्गत ढल्केबर क्षेत्रमा आधा घण्टा चक्काजाम गरिनेछ। साउन २५ गतेदेखि चक्काजामको अवधि क्रमशः बढाउँदै लगिने समितिले जनाएको छ।



यसैगरी, साउन २६ गते बिहान ११ बजेदेखि दिउँसो १२ बजेसम्म तथा साउन २७ गते बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म पूर्व–पश्चिम राजमार्ग अवरुद्ध गर्ने कार्यक्रम तय गरिएको छ । यसअघि संघर्ष समितिले धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउँदै ढल्केबरमै ट्रमा सेन्टर निर्माण गर्न माग गरेको थियो । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले बुधबार प्रतिनिधिसभामा ट्रमा सेन्टर लहानमा निर्माण हुने जानकारी दिएपछि ढल्केबरमा विरोध चर्किएको हो। स्थानीयले सरकारले यसअघि गरेको निर्णय र बजेट विनियोजनविपरीत ट्रमा सेन्टरको स्थान परिवर्तन गर्न खोजिएको आरोप लगाएका छन्।

संघीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमार्फत मिथिला नगरपालिका–७ (साविक ढल्केबर गाविस–२ 'क') को कित्ता नम्बर १६९ मा रहेको चार बिघा ऐलानी जग्गामा ट्रमा सेन्टर निर्माणका लागि पहिलोपटक बजेट विनियोजन गरेको थियो। मिथिला नगरपालिकाका प्रमुख महतोका अनुसार ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको सम्पूर्ण प्रक्रिया पूरा भइसकेको छ भने जग्गाको लालपुर्जा समेत तयार भइसकेको छ । त्यसैले सरकारले विगतमा अघि बढाएको योजना कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ।

यता मन्त्री मेहताले शुक्रबार सामाजिक सञ्जाल फेसबुकमार्फत ढल्केबरमै ट्रमा सेन्टर निर्माण गर्ने सरकारको योजना यथावत् रहेको स्पष्ट पार्दै भ्रममा नपर्न आग्रह गरेकी थिइन् । तर, नगर प्रमुख महतोले प्रतिनिधिसभामा मन्त्रीले दिएको अभिव्यक्ति र सामाजिक सञ्जालमा सार्वजनिक गरिएको स्पष्टीकरणबीच विरोधाभास रहेको उल्लेख गर्दै फेसबुकमार्फत आएको धारणाले मात्रै स्थानीयको आशंका हट्न नसक्ने बताए । ढल्केबरमा ट्रमा सेन्टर निर्माणको मागलाई लिएर आन्दोलनका कार्यक्रम सार्वजनिक भएसँगै पूर्व–पश्चिम राजमार्गमा हुने चक्काजामका कारण यातायात सेवा प्रभावित हुन सक्ने देखिएको छ।

## मुख्यमन्त्री कार्यालय परिसरमा
# डीडीसीको दुग्धजन्य सामग्री बिक्री स्टल खुल्ने

**जनकपुरधाम।**
मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा दुग्ध विकास संस्थान (डीडीसी)ले दुग्धजन्य सामग्री बिक्री–वितरणका लागि स्टल सञ्चालन गर्ने तयारी थालेको छ । डीडीसीको दुग्ध विकास आयोजना ढल्केवर शाखाका प्रमुख दिनेश जोशीका अनुसार स्टल सञ्चालनका विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग छलफल सम्पन्न भइसकेको छ । आगामी एक सातादेखि १० दिनभित्र स्टल सञ्चालनमा ल्याउने तयारी भइरहेको उनले बताए।




जोशीका अनुसार मुख्यमन्त्री कार्यालय परिसरमा विभिन्न मन्त्रालय रहेका कारण दैनिक एक हजारभन्दा बढी कर्मचारी तथा सेवाग्राहीको आवतजावत हुने गर्छ । यही सम्भावनालाई मध्यनजर गर्दै स्वदेशी तथा गुणस्तरीय दुग्धजन्य उत्पादन सहज रूपमा उपलब्ध गराउने उद्देश्यले स्टल स्थापना गर्न लागिएको हो । उनले भने, 'कर्मचारी र सर्वसाधारण गरी दैनिक एक हजारभन्दा बढी मानिसको आवतजावत हुन्छ । स्वदेशी उत्पादनको प्रवद्र्धनसँगै स्वस्थकर खाद्य सामग्री उपलब्ध गराउने उद्देश्यले स्टल राख्न लागिएको हो । कार्यालयसँग आवश्यक छलफल भइसकेको छ।'

स्टलमार्फत डीडीसीले उत्पादन गर्दै आएको दही, रसभरी, बटर, पनिर, घ्यु, मोही तथा विभिन्न स्वादका आइसक्रिम बिक्री–वितरण गरिने आयोजनाले जनाएको छ । मधेश प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष डा. शम्भु साहले सरकारी स्वामित्वको डीडीसीका उत्पादन गुणस्तरीय र स्वास्थ्यकर भएकाले कर्मचारी तथा सेवाग्राही दुवैका लागि उपयोगी हुने बताए । उनका अनुसार स्वदेशी उत्पादनको प्रवद्र्धन र प्रोत्साहन गर्ने उद्देश्यले मुख्यमन्त्री कार्यालय परिसरमा स्टल सञ्चालन गर्न लागिएको हो।

करिब एक महिनाअघि काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत डीडीसीको चिज प्रयोग गरिरहेको तस्बिर सार्वजनिक गरेपछि डीडीसीका उत्पादनको बिक्री उल्लेखनीय रूपमा बढेको थियो । हाल जनकपुर चुरोट कारखाना परिसरभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगै अर्थ, स्वास्थ्य, शिक्षा तथा संस्कृति, भौतिक पूर्वाधार विकास तथा गृह, सञ्चार तथा कानुन मन्त्रालय सञ्चालनमा छन् । यस्तै, आयोजना प्रमुख जोशीका अनुसार ढल्केवर शाखाले सहकारी संस्था र व्यावसायिक फार्ममार्फत दैनिक २ हजार २ सयदेखि २ हजार ५ सय लिटर दूध सङ्कलन गर्दै आएको छ।

# लेनदेन विवादबारे भएको सहमति खारेजको माग गर्दै प्रदर्शन




**जनकपुरधाम।**
लेनदेनसम्बन्धी विवाद समाधानका नाममा भएको ९ बुँदे सहमति र मन्त्रिपरिषद्को निर्णयप्रति असन्तुष्टि जनाउँदै साहु–महाजनहरूले जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन्। पीडित लेनदेन संघर्ष समितिको अगुवाइमा भएको प्रदर्शनमा सहभागीहरूले आफूहरूको हितविपरीत भएका निर्णय तत्काल खारेज गर्न माग गरेका हुन् । उनीहरूले ९ बुँदे सहमति र एकतर्फी रूपमा गरिएको सहमति खारेज गर्नुपर्ने तथा मन्त्रिपरिषद्को निर्णयसमेत फिर्ता लिनुपर्ने माग अघि सारेका छन्।

मधेशका आठवटै जिल्लाबाट आएका साहु–महाजनहरूले जनकपुरधाम नगर परिक्रमा गर्दै जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला अदालत धनुषा अगाडि विरोध प्रदर्शन गरेका थिए। पीडित लेनदेन संघर्ष समिति मधेशका अध्यक्ष विजय यादवले सरकारले आफ्ना माग सम्बोधन नगरे भदौ १ गते काठमाडौं पुगेर सिंहदरबार घेराउ गर्ने तथा माइतीघर मण्डलामा धर्ना दिने कार्यक्रम रहेको बताए।

प्रदर्शनका क्रममा सहभागीहरूले कानुनी राज्यको प्रत्याभूति हुनुपर्ने भन्दै नाराबाजी गरेका थिए। उनीहरूले लेनदेनसम्बन्धी समस्या समाधानका लागि सम्बन्धित सबै पक्षलाई समेटेर त्रिपक्षीय वार्ताको आह्वान गर्न पनि माग गरेका छन् । प्रदर्शनकारीहरूले सम्मानित अदालतबाट भएका फैसला तथा आदेश कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन्। अदालतको फैसला कार्यान्वयन नगरी अन्य सहमति वा मन्त्रिपरिषद्को निर्णयका आधारमा समस्या समाधान गर्न खोजिए आफूहरूलाई स्वीकार्य नहुने उनीहरूको भनाइ छ।

## जनकपुरधामका निजी विद्यालयलाई निर्देशनः
# छात्रवृत्ति विद्यार्थीसँग तोकिएकोभन्दा बढी शुल्क नलिनू

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा समितिले संस्थागत (निजी) विद्यालयमा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट तोकिएको सीमाभन्दा बढी शुल्क नलिन निर्देशन दिएको छ । छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीबाट विभिन्न शीर्षकमा अतिरिक्त शुल्क असुल भइरहेको गुनासो आएपछि शिक्षा समितिको विशेष बैठकले शुल्कको अधिकतम सीमा निर्धारण गर्दै सो निर्णय कार्यान्वयन गर्न विद्यालयहरूलाई निर्देशन दिएको हो।



समितिको निर्णयअनुसार कक्षा १ देखि ५ सम्मका छात्रवृत्ति प्राप्त विद्यार्थीबाट अधिकतम ७ हजार रुपैयाँ, कक्षा ६ देखि ८ सम्म ९ हजार रुपैयाँ र कक्षा ९ देखि १० सम्म १० हजार रुपैयाँसम्म मात्र शुल्क लिन पाइनेछ । तोकिएको सीमाभन्दा बढी शुल्क असुल गर्न नपाइने समितिले स्पष्ट पारेको छ। यसअघि नै निर्धारित सीमाभन्दा बढी शुल्क लिइसकेका विद्यालयहरूले अतिरिक्त रकम सम्बन्धित विद्यार्थीलाई अनिवार्य रूपमा फिर्ता गर्नुपर्ने निर्णय पनि गरिएको छ।

शिक्षा समितिले निर्णय कार्यान्वयन नगर्ने संस्थागत विद्यालयविरुद्ध प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने चेतावनी दिएको छ । साथै, छात्रवृत्तिका नाममा विद्यार्थी तथा अभिभावकमाथि अतिरिक्त आर्थिक भार नथोपर्न विद्यालयहरूलाई आग्रह गरिएको छ।

शिक्षा समितिका सदस्य तथा एनप्याब्सन जनकपुरधामका अध्यक्ष दीपक ठाकुरले छात्रवृत्ति पाउने विद्यार्थीको अधिकार सुनिश्चित गर्न सबै विद्यालयले उपमहानगरपालिकाको निर्णय अनिवार्य रूपमा पालना गर्नुपर्ने बताए।

उनका अनुसार छात्रवृत्ति कार्यक्रमको मुख्य उद्देश्य आर्थिक रूपमा कमजोर तथा योग्य विद्यार्थीलाई शिक्षाको पहुँचमा ल्याउनु भएकाले त्यसका नाममा अतिरिक्त शुल्क असुल गर्नु कार्यक्रमको मर्मविपरीत हुन्छ । उपमहानगरपालिकाले छात्रवृत्ति वितरण र शुल्क असुली प्रक्रियालाई पारदर्शी बनाउँदै विद्यार्थीको अधिकार सुनिश्चित गर्न सबै विद्यालयलाई निर्णय कार्यान्वयन गर्न आग्रह गरेको छ। समितिले तोकिएको शुल्क सीमाभन्दा बढी रकम असुल गरेको पाइए सम्बन्धित विद्यालयलाई कानुनबमोजिम कारबाही गरिने जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन